स्वीकृत मितिः २०७९/०९/१८

# उन्नत जातको बोयर बोका अनुदान तथा वितरण कार्यविधि, २०७९

**सोलुदुधकुण्ड नगरपालिका**

**सल्लेरी,सोलुखुम्बु**

**प्रदेश नं १**

## उन्नत जातको बोयर बोका अनुदान तथा  वितरण कार्यविधि, २०७९

**प्रस्तावनाः**

मासुमा आत्मनिर्भर बनाउनका लागि यस नगरपालिकाका विभिन्न क्षेत्र भित्र व्यवसायिक रुपमा बाख्रा पालन हुँदै आएको छ । परम्परागत ढंगले पालिदै आएको बाख्रा आफ्नै सन्तानहरुसँग हाडनाता प्रजनन् भई रहेको विद्यमान अवस्थामा उत्पादित बाख्राहरु पुड्का, होचा, ख्याउटे र रोगी  हुनका साथै न्यून उत्पादन रहेको पाईन्छ । सुधारिएको तथा उन्नत जातका बोकाहरुबाट स्थानीय बाख्राहरुमा प्रजनन् गराइएमा बाख्राको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने उद्धेश्यले नगरपालिका क्षेत्रमा उन्नत जातको बोयर बोका खरिदगरी वितरण गर्नका लागि नगरपालिकाबाट विनियोजन गरिएको बजेटको चुस्त, दुरुस्त, प्रभावकारी तथा दिगोपनाका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नामःउन्नत जातको बोयर बोका अनुदान तथा वितरण कार्यविधि,२०७९ भन्ने रहेको छ।

ख)कार्यविधि लागू हुने मिति:  यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. कार्यविधि लागू हुने क्षेत्रः**

यो कार्यविधि सोलुदुधकुण्ड नगरपालिका भित्र लागू हुने छ।

**३.परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

क)“बोयर बोका”भन्नाले स्थानीय जातका बाख्राले पाएका राम्रो गुणस्तर भएको र जातीय शुद्वता भएको प्रजनन योग्य स्वस्थ बोकालाई जनाउनेछ।

ख)“प्रजनन”भन्नाले बोकाद्वारा बाख्रालाई सन्तान उत्पादनको लागि बाली लगाउने प्रक्रियालाई जनाउनेछ।

ग) “हाडनाता प्रजनन”भन्नाले सात पुस्ता भित्रका सन्ततीबिच प्रजनन गराउने प्रक्रियालाई भनिन्छ।

घ)“खरिद”समिति भन्नाले पालिकाले नियम अनुसार सामाग्री तथा वस्तु खरिद गर्न बनाएको समितिलाई जनाउँदछ।

ङ)“अनुदान”भन्नाले जम्मा लागतको पालिकाले उपलब्ध गराउने बोकाको निश्चित मूल्यको हिस्सा व्यहोर्ने रकमलाई जनाउनेछ।

च)“नश्ल सुधार”भन्नाले उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागि त्यहि जातको नजिकको नाता नपर्ने सँग प्रजनन(४-६ पुस्ता बाहिर) गराउने भन्ने जनाउँदछ।

छ)“स्थानीय”तह भन्नाले सोलुदुधकुण्ड नगरपालिकालाई सम्झनुपर्छ।

ज)“उपभोक्ता” भन्नाले बाख्रा पालन गर्ने कृषक, समूह तथा फर्म लाई जनाउनेछ।

**४.बोयर बोका वितरणको आधार:**

बोयर बोका वितरणका लागि प्राथमिकताका आधार देहाय बमोजिम हुनेछन्।

क)कृषक /कृषक समूह/ कृषि फर्मले तोकिएको समयमा तोकिएको ढाँचामा पेश हुन आएका निवेदन

ख) दर्ता भई निरन्तर रुपमा व्यवसाय गरिरहेका कृषक समूह र फर्म।

ग) निम्न वर्गका व्यक्तिहरुलाई लक्षित गरी प्राथमिकरण गरिनेछ।

घ)कृषक फर्मको हकमा माउ बाख्राको संख्या कम्तिमा २० वटा र कृषक समूह को हकमा ६० वटा हुनुपर्ने छ।

ङ) नगरपालिका क्षेत्र भित्रका  व्यवसायिक बाख्रा पालन गर्ने कृषकहरुलाई प्राथमिकता दिईनेछ।

**५.उपभोक्ताको छनौटः**

क)उन्नत जातको बोयर बोका अनुदान प्राप्त गर्न चाहने कृषक उपभोक्ताहरुको लागि निवेदन तथा प्रस्ताव पेश गर्न १५ म्याद राखि सोलुदुधकुण्ड नगरपालिकाको कार्यालयबाट सार्वजनिक सूचना प्रकाशित गरिनेछ।

ख) उन्नत जातको बोयर बोका अनुदानमा प्राप्त गर्न चाहने उपभोक्ताहरुले **अनुसुचि -१** बमोजिम उल्लेखित कागजात सहित सोलुदुधकुण्ड नगरपालिकाको पशुपंन्छी सेवा शाखामा निवेदन दिनुपर्ने छ।

ग)उन्नत जातको बोयर बोका अनुदानका लागि निवेदनको ढाँचा **अनुसुचि -२** मा उल्लेख भए बमोजिम छ।

घ) उपभोक्ताको छनौट गर्दा दफा ४ मा उल्लेखीत आधारहरु लिइनेछ।

**६.आपूर्तिकर्ताको छनौट:**

क) अनुदानमा उपलब्ध गराईने बोयर बोका आपूर्तिकर्ताको छनौट सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम गरिनेछ।

ख) मूल्याङ्कन समितिले आवश्यकता अनुसार विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**७. अनुदान रकमको सीमा र प्रतिशतः**

यस सोलुदुधकुण्ड नगरपालिकाबाट उन्नत जातको बोयर बोका अनुदानमा वितरण गर्दा अनुदानको रकम देहाय बमोजिम हुनेछ।

| **सि.न.** | **विवरण** | **नगरपालिकाको तर्फबाट लागत साझेदारी प्रतिशत** | **अनुदानग्राहीको तर्फबाटलागत साझेदारी प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| १. | उन्नत जातको बोयर बोका अनुदान तथा वितरण कार्यविधि,२०७९ ले तोके बमोजिमको | ८०% | २०% | |

**८.बोयर बोका वितरण प्रक्रियाः**

क) बोयर बोका वितरणको लागि सोलुदुधकुण्ड नगरपालिकाबाट १५ दिनको म्याद राखी प्रस्ताव आवह्वानक सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

ख)प्राप्त हुन आएका निवेदन र मागको आधारमा नगरपालिकाबाट स्थलगत रुपमा निरिक्षण गरिनेछ।

ग) ईच्छुक कृषक/समूह तथा फर्मलेअनुदान रकम बाहेकको २० प्रतिशतले हुन आउने जम्मा रकम अग्रीम रुपमा बैंकमा दाखिला भौचर पेश गर्नुपर्नेछ।

घ) बोयर बोका अनुदानमा प्राप्त गर्ने कृषक/ समूह/फर्मले कम्तिमा ४ वर्षसम्म प्रजनन बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन। सो सम्बन्धमा नगरपालिकाबाट नियमित रुपमा स्थलगत रुपमा निरिक्षण गरिनेछ।

**नोटः**

यस कार्यविधिमा भएको कुनै बुँदाम बाझिएमा वा शर्तहरु थपघट गर्नु परेमा सो को निर्णय गर्ने अधिकार नगरकार्यपालिकामा निहित हुनेछ।

**अनुसूची-१**

दफा ५ को (ख)सँग सम्बन्धीत

उपभोक्ताले निवेदन प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरुः

क) कृषक, समूहतथा फर्मका लागि

१.समूह/फर्म दर्ता,नविकरण, स्थायी लेखा नम्बर (PAN ) वा VAT प्रमाण-पत्रको प्रतिलिपि।

२.गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।

३.समूह/संस्थाको निर्णयको प्रतिलिपि।

४.नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि।

## अनुसूची-२

दफा ५ को (ग)सँग सम्बन्धीत

अनुदानमा बोयर बोका प्राप्त गर्न चाहने उपभोक्ताले पेश गर्नुपर्ने निवेदनको ढाँचा

मितिः-----------------

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
सोलुदुधकुण्ड नगरपालिका नगरकार्यपालिकाको कार्यालय
सल्लेरी,सोलुखुम्बु ।

विषयः बोयर बोका अनुदानमा उपलब्ध गराई पाउँ ।

प्रस्तुत विषयमा सोलुदुधकुण्ड नगरपालिका वडा--------स्थित---------कृषक,कृषक समूह,कृषि फर्मलाई----------बाख्राको नश्ल सुधार कार्यमा उपयोग गर्न"उन्नत जातको बोयर बोका अनुदान तथा वितरण कार्यविधि,२०७९" अनुसार तहाँ नगरपालिकाको मिति--------------को प्रकाशित सूचनाको आधारमा प्रस्ताव तयार पारी आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको/गरेका छु/छौं ।

**संलग्न कागजातहरु**

१.
२.
३.
४.
५.

**निवेदक**

दस्तखतः
नाम,थरः
सम्पर्क नः

ठेगानाः
समूह/संस्थाको नामः
समूह/संस्थाको छापः